आज मिति २०७६ साल जेष्ठ १५ गते बुधवारका दिन विहान २:०० बजे यस त्रिवेणी गाउँपालिका भित्रको विविध विषयमा छलफल गरी निर्णय लिन गाउँ कार्यपालिकाका अध्यक्ष श्री मानबहादुर डाँगीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णय भयो ।

## <u>उपस्थिति</u>

| | |
|---|---|
| श्री मानबहादुर डाँगी | अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री करुणा खड्का | उपाध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री छवीलाल खत्री | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री मेघराज रोका | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री हुकुम प्रसाद महतारा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री छवीराज शर्मा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री डिल्लीबहादुर बोहरा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री मानबहादुर वली | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री कान्ती वली | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री गायत्री बुढाथोकी | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री पार्वती वि.क.दलामे | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री रती वि.क. | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री दली बवाल | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री डवलसिंह सार्की | कार्यपालिका सदस्य त्रिवेणी गाउँपालिका, |
| श्री रेमन्तबहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत,सदस्य सचिव |

आमन्त्रित

श्री तिलक रावल अधिकृत छैटौ, त्रिवेणी गा.पा.

**<u>प्रस्तावहरु</u>**

१. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनौट सम्बन्धमा ।

२. योजना निर्माणको मापदण्ड निर्माण गर्ने सम्बन्धमा ।

३. त्रिवेणी स्वास्थ्य चौकीमा ल्याव सेवा संचालन गर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं १,**

प्रस्ताव नं १ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत **"कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना"** कार्यान्वयन गर्न चालु आ.व.मा यस गाउँको लागि श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,प्रधान मन्त्री रोजगार कार्यक्रमबाट सशर्त अनुदान तर्फ जम्मा रु.२९ लाख बजेट विनियोजन भएको र सो बाट यस गाउँपालिका अन्तरगत **"कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना(संचालन तथा व्यवस्थापन कार्यविधि,२०७६"** को दफा ९ को आधारमा देहायका योजनाहरु छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिल**

**निर्णय नं २,**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व.२०७६।०७७ को लागि योजना तथा कार्यक्रम तर्जुमा गर्नको लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको निर्णयानुसार गाउँपालिका,वडागत तथा अन्य विषयगत शाखाहरुको बजेट सिलिङ तयार गरी बस्तिहरुबाट योजना संकलनको कार्य जारी रहेको सन्दर्भमा यस गाउँपालिकाका योजना कार्यक्रमहरुलाई बढि बस्तुपरक र प्रभावकारी बनाउन देहायका मापदण्ड निर्धार गर्ने र योजना तथा कार्यक्रम ती मापदणको अधिनमा रही तर्जुमा गर्ने निर्णय गरिया ।

**मापदण्डहरु**

१. सबै विषय क्षेत्रलाई समेट्ने गरी सन्तुलित रुपमा योजना तर्जुमा गर्ने
२. कृषि,पशु तथा उद्यम विकासको क्षेत्रमा कार्यक्रम तर्जुमा गर्दा व्यवसायिकतालाई प्रत्यक्ष सहयोग पुग्ने योजना कार्यक्रममा मात्र बजेट विनियोजन गर्ने
३. वातावरण संरक्षण कार्यक्रममा हरीयाली प्रवर्द्धन हुने,पानी मुहान संरक्षण तथा प्रवर्द्धन हुने (वृक्षारोपन तथा रिचार्ज पोखरी निर्माण) जस्ता कार्यक्रमहरु तर्जुमा गर्ने
४. विद्यालय क्षेत्रतर्फ वडातहबाट तलब भत्ता जस्ता चालुखर्चमा बजेट विनियोजन नगर्ने र अत्यावशयक ठोस योजनाको आधारमामात्र बजेट विनियोजन गर्न सकिने ।
५. स्वास्थ्य क्षेत्रमा कार्यक्रम बनाउदा (पारिश्रमिक) बाहेक ठोस र उपलब्धीमूलक योजना कार्यक्रममा मात्र बजेट विनियोजन गर्ने
६. सडक निर्माणमा मुख्य बस्तिहरुमा बाहेक अन्य स-साना टोलहरुमा तथा छरिएर रहेको बस्तिहरुमा स-साना अनावश्यक ट्र्याक खोल्ने योजना नराख्ने
७. गत विगतवर्षका अधुरा योजनालाई क्रमागतमा बजेट विनियोजन गर्न नछुटाउने व्यवस्था गर्ने
८. मर्मत संभार जस्ता कार्यक्रममा मेसिनरी औजार प्रयोग नगर्ने व्यवस्था गर्ने
९. मुहान संरक्षण तथा मर्मत संभार वाहेक साना साना योजना नबनाउने

**निर्णय नं ३,**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा हालसम्म यस गाउँपालिकाको कुनै पनि स्वास्थ्य चौकीमा ल्याव सेवा संचालन नभएको सन्दर्भमा त्रिवेणी गाउँपालिका अन्तरगतको त्रिवेणी स्वास्थ्य चौकी गाउँपालिकाको केन्द्रमा रहेको,विरामीहरुको चाप तुलनात्मक रुपमा पनि बढि भएको तथा भौतिक संरचनाको हिसावले पनि सम्पन्न भएको हुनाले मिति २०७६ साल श्रावन महिना देखि उक्त स्वास्थ्य चौकीमा ल्याव सेवा संचालन गर्ने निर्णय गरियो ।